# स्वप्न बगैचा केसरमहल एकीकृत विकास सम्बन्धी अध्ययन

**प्रतिवेदन**

**२०७७**

**स्वप्न बगैचा विकास समितिमा**

**प्रस्तुत**


**अध्ययन समिति**

श्री लोकभक्त राणा
श्री युवराज सुवेदी
श्री दशरथ मिश्र
डा ध्रुवराज रेग्मी

# भूमिका

स्वप्न बगैंचा विकास समितिको २०७७ माघको निर्णय अनुसार केशरमहलको एकीकृत विकासका सम्भावनाका विषयमा अध्ययन गर्न गठित समितिले तोकिए बमोजिम अध्ययन कार्य पूरा गरी प्रतिवेदन तयार गरेको छ । अध्यनको क्रममा केशरमहल परिसर भित्र रहेका भौतिक संरचनाहरुको स्थलगत अवलोकन, केशर महलको नक्शा तथा भवनको विभिन्न भागहरुको अवस्था र उपयोगको सम्भावनाको अध्ययन गरिएको थियो । अध्ययन कै क्रममा केशर पुस्कालयका वर्तमान अवस्था, पुस्तक तथा पुरातात्विक बस्तुहरुको अवस्था र उपलब्ध सवै ऐतिहासिक तथा पुरातात्विक वस्तुहरुको संरक्षण तथा सम्बर्द्धन गर्दै हालका पुस्ताहरुलाई ती ऐतिहासिक ज्ञानकास्रोतलाई सर्वसुलभ उपलब्ध गराउने वैज्ञानिक उपायहरुको खोजी गरिएको छ ।यसक्रममा स्वप्न बगैंचाका जैविक पुरातात्विक तथा ऐतिहासिक पक्षको विश्लेषण समेत गरिएको छ भने एतिहासिक पुरातात्विक तथा संस्कृतिका क्षेत्रका विज्ञ विशेषज्ञहरुको समेत परामर्शमा केशरमहल स्वप्न बगैँचा र सोही प्रकृतिका अन्य सास्कृतिक तथा पुरातात्विक केन्द्रका रुपमा केशरमहलललाई विकास गर्ने अवधारण सहितको नीतिगत र कानूनी प्रावधानहरुको प्रस्ताव गरिएको छ । यस प्रतिवेदनले समग्र केशरमहल स्वप्न बगैचालाईनेपालको आत्मनिर्भर पर्यटकीय धरोहरको रुपमा विकास गर्न आधार तयार गर्ने छ भन्ने विश्वास लिएका छौ ।

अध्ययन समिति

# परिचय

स्वर्गीय केशर शम्शेरले आफ्नो पिताजी श्री ३ चन्द्र शम्शेरसंग वेलायत भ्रमण गर्दा त्यहाँको पुस्तकालय, पठन संस्कृति, कलाहरुको संग्रह तथा आकर्षक बगैँचाहरुको निर्माण तथा संरक्षणबाट प्रभावित भई नेपाल फर्के पछि त्यसतै प्रकृतिको दरवार, पुस्तकालय र स्वप्न बगैँचाको निर्माण गरेका हुन् । केशर महल, पुस्तकालय, पुरातात्विक बस्तुहरुको संग्रह र स्वप्न बगैँचा नेपालकै सम्पदाको रुपमा रहिआएको छ । काठमाण्डौको मुख्य पर्यटकीय क्षेत्रमा लगभग ३4 रोपनी क्षेत्रफलमा फैलिएको महल, पुस्तकालय र स्वप्न बगैंचा जस्ता महत्वपूर्ण सम्पदा केशर शम्शेरको शेष पछि वि सं २०२६ श्रावण १ (सन् १९६९ जुलाई १६) पत्नी कृष्णा चन्द्रदेवी राणा मार्फत नेपाल सरकारलाई हस्तान्तरण गरी जनसाधारणको पहुँच र उपयोगको लागि खुलागरिएको थियो । केशर पुस्तकालय शिक्षा मन्त्रालय अर्न्तगत रहने गरी हस्तान्तरण गरिएको र शुरुवात देखि नै सम्पूर्ण भौतिक संरचनाहरु शिक्षा मन्त्रालयले उपयोग गर्दै आएको थियो । नेपाल सरकारको सवै मन्त्रालयहरु सिंहदरवार भित्र केन्द्रित गर्दा शिक्षा मन्त्रालय पनि वि. सं. २०६९सालमासिंहदरवारमा नै सरे पछि केशर पुस्तकालय, युनेस्कोका निमित्त नेपाल राष्ट्रीय आयोगको सचिवालय, शिक्षा मन्त्रालयको छात्रवृत्ति शाखा र स्वप्न बगैँचा बाहेककाकेशरमहलका भौतिक संरचनाहरु खुला विश्व विद्यालय विकास समिति, काठमाण्डौ उपत्यका विकास प्राधिकरण, सम्पत्ती शुद्धिरण विभागजस्ताविभिन्न निकायहरुले प्रयोग गर्दै आएका थिए । २०७२ सालको विनासकारी भूकम्पले प्रयोग गर्न नमिल्नेगरी क्षति पुर्याएको यो भवनको भौतिक संरचना लामो समयको पर्खाइ पछि हाल राष्टिय पुननिर्माण प्राधिकरणद्वारा पुरानै संरचनाको पुनर्वलीकरण ( Retrofitting) कार्य भैरहेको छ । यो पुननिर्माण केही समयमा नै सकिने अनुमान गरिएको छ ।

स्वर्गीय केशर शम्शेर राणाले आफ्नो सकृय जीवनकालमा युरोपियन शैलीको भवन निर्माण,उक्त भवन भित्र संसारका प्रसिद्ध एतिहासिक धार्मिक पुरात्विकवैज्ञानिक र नक्षत्रसंग सम्बन्धित असङ्ख्य पुस्तक संकलन गरी केशर पुस्तकालयको स्थापना, ऐतिहासिक, पुरातात्विक महत्वका बस्तु तथा कलाहरुको संकलन र केशर महलकै परिसर भित्र संसार कै उत्कृष्ट बगैँचाहरु मध्ये एक बगैँचाको रुपमा गणना भएको स्वप्न बगैँचाको निर्माण गरेर एक ऐतिहासिक, शैक्षिक, पुरातात्विक, प्राकृतिक/जैविक धरोहरको केन्द्रको रुपमा स्थापित गरेको स्पष्ट छ । व्यक्तिगत सम्पत्ति भैकन पनि यो महत्वपूर्ण धरोहरलाई आम नेपालीले प्रयोग गर्न पाउने गरी नेपाल सरकारलाई हस्तान्तरण गर्नुको मूल तात्पर्य यस राष्ट्रिय बैभवको सम्बर्द्धन तथा प्रबर्द्धन गर्दै चीरकाल सम्म एक एतिहासिक, शैक्षिक, पुरातात्विक पहिचान रहिरहोस भन्ने बुझिन्छ । तसर्थ यसको बहुआयामिक पक्षको संरक्षण मात्र नभई नेपालको पर्यटकीय केन्द्रमा रहेको यस सम्पदालाई राष्ट्रको पहिचानको रुपमा विकास गर्न अपरिहार्य भएको सन्दर्भमा स्वप्न बगैचा विकास समितिले यसको अध्ययन कार्यलाई अगाडि बढाएको देखिन्छ ।

उकेरा उकेरा उकेरा उकेरा उकेरा उकेरा उकेरा उकेरा उकेरा उकेरा उकेरा

## अध्ययनको उद्देश्य

यस अध्ययनको साधारण उद्देश्य केशरमहलमा रहेका विभिन्न पुरातात्विक ऐतिहासिक तथा जैविक पक्षहरुको एकीकृत विकासका सम्भावनाहरुको अध्ययन गर्नु हो भने विशिष्ट रुपमा निम्मनानुसारका उद्देश्यहरु राखिएका छन् ।

क. केशरमहल भित्रका ऐतिहासिक, शैक्षिक, पुरातात्विक पक्षहरुको वर्तमान अवस्थाको अध्ययन गर्ने ।

ख. नेपालको ऐतिहासिक तथा सांस्कृतिक पहिचानलाई प्रबर्द्धन गर्न केशरमहलको बहुआयामिक प्रयोगका सम्भावनाको खोजी गर्ने ।

ग. आत्मनिर्भर संस्थाको रुपमा विकास गर्न कार्यसंचालन पद्धति र कानूनी तथा संरचनात्मक व्यवस्था सिफारिस गर्ने ।

## अध्ययन विधि

विकास समितिले दिएको कार्यादिशको सीमाक्षेत्र भित्र रही उपरोक्त अनुसारका उद्देश्य प्राप्तिका लागि निम्मानुसारका विधिहरु अवलम्बन गरिएको थियो ।

क. **उपलब्ध ऐतिहासिक दस्तावेजहरुको अध्ययन**: अध्ययनको क्रममा केशर महलको ऐतिहासिक दस्तावेजहरु, भौतिक बनौट, तत्कालीन अवस्थाको डिजाइन ड्रोइङ् तथा अभिलेखहरुको अध्ययन गरियो, जसको आधारमा प्रतिवेदनको भूमिका, केशरमहलको विभिन्न पक्षहरुको ऐतिहासिक, पुरातात्विक तथा कलात्मकताको विषयमा विश्लेषण गरी भविष्यमा यी ऐतिहासिक संरचाना तथा वस्तुहरुको प्रयोगको विषयमा गरिएका सिफारिसहरु आधारित भएका छन् ।

ख. **स्थलगत अध्ययन**: अध्ययनको क्रममा सदस्यहरुले केशरमहलको पून निर्माण भैरहेको भौतिक अवस्थाहरुको अतिरिक्त हाल सम्म पुस्तकलगायत विभिन्न प्रयोजनमा प्रयोग भैरहेका भौतिक संरचनाहरुतथा बाँकी रहेका संरचनाहरुको क्षमता र प्रयोगको सम्भावनाहरुको अध्ययन गरियो । जसबाट केशर महललाई शैक्षिक, सास्कृतिक, एतिहासिक, पुरातात्विक पर्यटकीय केन्द्रको रुपमा विकास गर्न बस्तुगत आधार दिएको छ ।

**विज्ञ विशेषज्ञहरुसंगको परामर्श तथा छलफल**: अध्ययन समितिलाई दिइएको कार्यसीमाको परिधिभित्र रही शैक्षिक, सास्कृतिक, ऐतिहासिक, पुरातात्विक, पर्यटकीयतथा architectural क्षेत्रका विज्ञहरुसंग परामर्श गरियो।यसक्रममा वहाहरुबाट केशरमहल, केशर पुस्तकालय,स्वप्न बगैँचाको सुदृढीकरण र केशरमहललाई थप सास्कृतिक, पुरातात्विकतथा

पर्यटकीय स्थानको रुपमा विकास गर्ने सम्बन्धमा मौखिक तथा लिखित सुझावहरु प्राप्त भएका छन् जुन यस अध्ययनको प्राप्ति (findings) र सिफारिश (recommendation) को मूल स्रोत हुन् ।तथापि स्वास्थय सेवा अन्तर्गतका विकास समितिहरु (कान्ती बाल अस्पताल बिकास समिति) र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको पुस्तकालय समन्वय शाखाको निम्नुसारको राय प्रप्त भएकोले यस केसर पुस्तकालयलाई विकास समितिमा लैजान उपयुक्त नहुने ।


पुस्तकालय समन्वय शाखाको राय:
१. केसर पुस्तकालयलाई कुनै पनि शर्तमा विकास समितिअन्तर्गत लानु पुस्तकालयका लागि घातक हुनेछ ।यसमा सबैपुस्तकालयकर्मी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा केसरपुस्तकालयका शुभचिन्तक सबै सचेत भएर वकालत गर्नु आवश्यकछ।
२. स्वप्न बगैचा विकास समिति लगायतका केसर महल परिसरमा रहेका अन्य निकायबाट प्राप्त आयको निश्चित प्रतिशत (२० प्रतिशत उपयुक्त) केसर पुस्तकालयको विकास र स्तरका लागि खर्च गर्ने अनिवार्य प्रावधान थप गरिनु पर्छ ।
३. केसर पुस्तकालयका प्रमुखले नै स्वप्न बगैचा विकास समितिको सदस्य सचिव तथाकार्यकारी निर्देशक रहने गरीमौजुदा स्वप्न बगैचा विकास समिति ऐनमा संशोधन गरिनु पर्छ।
४. आर्थिक प्रशासनसम्बन्धी सम्पूर्ण काम कारवाहीहरू केसर पुस्तकालयबाट सञ्चालन हुनु पर्छ।
५. समितिको सदस्यसचिव तथा कार्यकारी निर्देशक केसर पुस्तकालयको प्रमुख रहन नसक्ने पर्याप्त आधार र कारण भएनिजलाई सदस्यको रूपमा राखिनु उपयुक्त हुने ।

## वर्तमान अवस्थाको अध्ययन तथा विश्लेषण

क. **केशरमहल** :३४-0-1-2 रोपनी क्षेत्रफलमा फैलिएको केशरमहल स्वर्गीय केशर शम्शेरले सन् १८.....मा युरोपियन वास्तुकला र शैलीको दरवार, पुस्तकालय र स्वप्न बगैचाको निर्माण गरेका हुन्। राणाकालीन इतिहासको landmark को रुपमा रहेको यस दरवारको दक्षिण भागमा करिब8 रोपनी क्षेत्रफलमा फैलिएको स्वप्न बगैँचा छ भने महलको पहिलो र दोस्रो तलाको पूर्व र दक्षिणलङमा ऐतिहासिक केशर पुस्तकालय संचालन हुँदै आएको छ ।यस भवनमा कूल कोठा 56संख्या, सभाहल संख्या २, शौचालयसंख्या 50 छ । भवनको बीचमा रहेको चोक बहुआयामिक रुपमा प्रयोग गर्न सकिने लगभग 2०० जना क्षमताको छ ।भवनकै अगाडि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको छात्रवृत्ति शाखा संचालनमा छ, जसमा दैनिक हजारौ वैदेशिक अध्ययन गर्न जाने विद्यार्थीहरुले No Objection letter लिने गर्दछन् । मूल भवनको अगाडि (पूर्व) वास्तुकलाका उत्तम नमूनाकापोखरी, मूर्तिहरु छन् । भवनका कलात्मक भित्ता, सिलिङ् तथा झ्यालढोकाले नेपालको

मौलिक बास्तुकलाको प्रतिबिम्ब मात्र गरेको छैन पश्चात्य शैलीको समेत फ्यूजनले भवनको समग्र साजसज्जालाई अदभूत सास्कृतिक, पूरातात्विक वास्तुकलाको नमूनाको रुपमा प्रस्तुत गरेकाछन् ।

**स्वप्नबगैंचा सहितको केशरमहल परिसर** **( Arial view)**







**ख. केशर पुस्तकालय**

नेपालको इतिहास अनुसार राजा गिर्वाणयुद्ध विक्रम शाहको (वि.सं. १८६९) पालामा पुस्तक चिताई तहविलको रुपमा आधिकारिक पुस्तकालयको स्थापना भएको पाइए पनि पुस्तकालयको संरचनामा सर्वप्रथम राणाप्रधानमन्त्री वीरशम्शेरको ध्यान गएको देखिन्छ।जसको फलस्वरुप ... मा वीर पुस्तकालयको स्थापना भयो । निजीस्तरको पुस्तकालय स्थापना गर्नेहरुमा नायव वडा गुरुज्यू हेमराज पाण्डे, सरदार राममणि आदि देखिएका छन् भनेचन्द्र शम्शेरका छोरा केसर शम्शेर पनि त्यही पंक्तिमा पर्दछन् । आफनो सतवार्षिकी समेत मनाइ सकेको केशर पुस्तकालय चार दशकदेखि राष्ट्रिय स्तरको पुस्तकालयको रुपमा संचालन हुँदै आएको छ ।केसर पुस्तकालय नेपालको एक ऐतिहासिक एवं पुरातात्विक महत्वको पुस्तकालय हो । यो पुस्तकालय सन्दर्भ पुस्तकालय (Reference Library) को रुपमा परिचित छ । केशर शम्शेरकैइच्छाअनुसार उहाँकी श्रीमती कृष्ण चन्द्रदेवी तथा पुत्रहरुद्वारा यस केसर पुस्तकालय, केसरमहल, स्वप्न बगैंचा लगायत

३४-0-1-2 जग्गार सोले चर्चेका लिगलिगा पात समेत केसर पुस्तकालयको नाममा तत्कालीन श्री ५ को सरकारलाई वि.सं.२०२६ सालमा हस्तान्तरण गरेका अबस्थामा छन् ।

यस पुस्तकालयमा हालपुरातात्विक सामाग्री सहित हस्तलिखित-ग्रन्थहरूरहेका छन् ।युनेस्कोले सूचीकृत गरेको सुश्रुसंहिता सहित हस्तलिखित-ग्रन्थहरू ६७५ थान, एक थान किताबी फर्मको क्याटलग सहित अहिलेसम्म क्याटेगोराइज्ड नभएका केहि हस्तलिखित-ग्रन्थहरू समेत रहेका छन् । यस पुस्तकालयमा हस्तलिखित-ग्रन्थका साथै पुरातत्व महत्व बोकेको फोटो १७३ थान,जनावरको टक्सीडर्मी गरिएका बाघ १ थान, भालुको छाला १ थान, गैंडाको खप्पर १ थान, अतिदुर्लभAnimal Trophy१५ थान, ऐतिहासिक महत्वका रोलिङ म्याप्स १५थान, स्टाण्ड नक्सा ३ थान, मुर्ती ५ थान, फोटो एल्बम ५ थान, ग्लोब नक्सा २ थान, झुमर १ थान, बति ल्याम्प १ थान, फ्रेममा भएको मूर्ती ५ थान गरी अर्नाको टाउको, मृग र जरायोको टाउको, चितुवाको टाउको रहेको छ ।साथै यस पुस्तकालयमापुरातत्व महत्वसमेत रहेको नयाँ केलेक्सन नेपाली र अंग्रेजी शाखामा रहेको जम्मा २5००० थान पुस्तक, जर्नल्स करिब ८००० थान, केसर कलेक्सनका पुस्तकहरु २०,००० (बीस हजार) थान जुन डिजिटाईजेसन गर्न अत्यन्त कठिन भए पनि अति आवश्यक छ ।

नेपालमा पठन संस्कृतिको प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको केशर पुस्तकालय शुरुदेखि नै नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय नियमित अनुदान प्राप्त गरी मन्त्रालयको शैक्षिक व्यवस्थापन महाहाखा अन्तरगत नेपाल सरकार कै कर्मचारीहरुबाट संचालन हुँदै आएको छ ।यो पुस्तकालय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तरगत रहदै आए पनि नेपालको प्राज्ञिक संस्थाहरुसंगऔपचारिक रप्रत्यक्ष जोडिएको देखिदैन ।हालसम्मजिज्ञाशु पाठकहरु, अनुसन्धान कर्ता, विद्यार्थीहरुले निशुल्क रुपमा पुस्तकालयबाट लाभ लिइरहेका छन् तर पुस्तकालय प्रयोग गर्ने पाठकहरुको संख्या उल्लेखनीय देखिदैन । नयाँ प्रविधिको अभावले गर्दा यसपुस्तकालयमारहेकाग्रन्थहरूदिनप्रतिदिनजीर्णहुँदैगरेकोअवस्थाछ । २०७२ सालको भूकम्पले गर्दा केशरमहलमा अवस्थित पुस्तकालयको भवन झन क्षतिग्रस्त अवस्थामा पुगेकोहुँदा यथासक्दो चाँडो ती सामग्रीहरूको आधुनिक प्रविधिको प्रयोग गर्दै संरक्षण, सम्बर्द्धन तथा डिजिटाइजेशनगरी पुस्तकालयलाई पहुँच योग्य, सुविधा सम्पन्न बनाई नयाँ पुस्ताका स्वदेशी तथा विदेशीहरुको आकर्षणको केन्द्रको रुपमा विकास गर्नु पर्ने देखिन्छ ।जसमा केसर पुस्तकालयले केसर कलेक्शनका पुस्तकहरु मध्येवाट डिजिटाईजेसनके कार्य गरी रहेको र ई-लाईब्रेरीको कार्य पनि संचालनमा रहेको छ ।

## स्वप्न बगैचा

सन् १९२० मा स्वर्गीय फिल्ड मार्शल केशर शम्शेर ज.ब.रा. ले यो बगैँचा नेपाली मान्यता अनुसारका विशेषत ६ वटा ऋतुहरु अनुसारका ६ वटै सदनहरु ( आराम गृह ) को संयोजन गरी मुलत युरोपियन (Edwardian) शैली बाट प्रभावित भएर निर्माण गराएका थिए । सन्१९०७मासिंहदरबारको संरचना निर्माण गर्ने प्रसिद्व वास्तुबिद्ध किशोर नरसिंह र कुमार नरसिंह राणाले स्वप्न बगैंचाको पनि डिजाइन र सुपरिवेक्षण गरेका थिए । बगैंचानिर्माणगर्दासदनहरु, झरनाहरु, पोखरीहरु युरोपियन शैलीबाट प्रभावित बरन्डाहरु, परगोलाहरु र चराहरु बस्ने घर समेत समावेस गराएका थिए । स्वप्न बगैंचा भित्रका विभिन्न सदनहरुले वास्तुकलाको अनुपम नमुना प्रस्तुत गर्दछन् भने यस भित्रका फूलहरु, बुटयानहरु र रुखहरुको संयोजनले बगैंचालाई विशिष्ट आकर्षणको केन्द्र बनाउदै आएको छ ।

केशर शंशेरको मृत्युपछि वहाँका परिवारले केशर पुस्तकालय, स्वप्न बगैंचा एवं केशर महल तत्कालीन श्री ५ को सरकारलाई हस्तान्तरण गरिएको थियो । हस्तान्तरण पछि शिक्षा मन्त्रालयद्वारा चर्चिएको स्वप्न बगैँचा उचित सम्बर्द्धनको अभावमा जीर्ण अवस्थामा रहेको थियो । सन् २००० मा अष्ट्रियन सरकार र नेपाल सराकार बीच संझौता भई इको हिमाल नामक गैरसरकारी संस्था मार्फत स्वप्न बगैंचाको ऐतिहासिक, प्राकृतिक तथाशास्त्रीय मर्मलाई पुनर्जीवित गर्ने गरी पुनर्निर्माणको कार्य भएको थियो । सन् २००० मा शुरु भएको पुनर्निर्माण कार्य केही थप आधुनिक सुविधाहरु सहित डिसेम्बर २००७ मा पूरा गरी नेपाल सरकारलाई जिम्मा लगाइएको थियो । हाल यो ऐतिहासिक बगैँचा नेपाल विकास समिति ऐन अन्तरगत शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालय मातहत स्वायत्त संस्थाको रुपमा सञ्चालन हुँदैआएको छ ।

वि.स.२०७२ को विनाशकारी भूकम्पले स्वप्न बगैंचाका मुख्य भौतिक संरचनाहरुमाउल्लेख्य क्षति पुर्याएको थियो ।तथापितत्कालनै विकास समितिको आफ्नै कोषको रकमबाट क्षतिग्रस्त संरचनाकोपुनर्निर्माण गरी संचालनमा ल्याइएको थियो ।
संचालनमा आएको छोटो समयमा नै यस बगैचाले स्वदेशी तथा विदेशी आगन्तुकहरुलाई आकर्षित् गरी विश्वमा नै प्रसिद्ध बगैचाको रुपमा चिनिएको छ । संयुक्त राज्य अमेरिकाबाट प्रकाशित हुने प्रसिद्ध टाईम्स पत्रिकाको सन् २०१३ मार्चको अंकमा स्वप्न वगैचा विश्वको २४ औ उत्कृष्ठ भ्रमण गन्तव्यको रुपमा सूचिकृत गरेको थियो भने पर्यटन सम्बन्धी वेवसाईटहरुले र **reviewers** ले नेपालको उत्कृष्ठ पर्यटकीय गन्तव्यको रुपमा उल्लेख गर्दै आएका छन् ।
भौतिक संरचनाहरुले ओगटेको भूभाग सहित कूल ७०४२ बर्गमिटर क्षेत्रफलमा मात्र फैलिएको भए तापनि यस बगैचामा आगन्तुकहरुको संख्या उल्लेखनीय छ ।आ.व. २०७५/७६ कै तथ्याङ्कलाई हेर्ने हो भने वार्षिक २१९३९४ जना स्वदेशी, ९७५२९ जना

विदेशी र १०३६८जना बालबालिका बृद्ध र अपाङ्ग गरी कूल ३२७२९१ जनाले बगैचा भ्रमण गरेको देखिन्छ । दैनिक भ्रमण गर्ने आगन्तुकको संख्या औषतमा ८९७जना छ ।
स्वप्न बगैचा मुख्यत: पर्यटकहरुको आगमनमा लिने गरेको प्रवेश शुल्कवाट आर्जित रकमवाट आत्मनिर्भर संस्थाको रुपमा स्थापित भैसकेको छ । हालसम्म नेपाल सरकारलाई कुनै व्ययभार परेको छैन । यस बगैंचाको वित्तीय व्यवस्थापनको लेखापरीक्षण वार्षिकरुपमा माहालेखा परीक्षकको विभागबाट नै गरिदै आएको छ । लेखा परीक्षण प्रतिवेदनहरुले हालसम्म उल्लेखनीय वेरुजु औल्याएको छैन ।
स्वप्न बगैँचाको व्यवस्थापन तथा संचालन शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवको अध्यक्षतामा रहेको विकास समितिले गर्दै आएको छ भने बगैचाको प्रशासनिक र प्राविधिक कार्यका लागि १९ जना कर्मचारी कार्यरत छन् । कर्मचारीहरुको व्यवस्थापन विकास समिति अन्तरगत कर्मचारी सेवा शर्त र सुविधा सम्बन्धी विनियमका आधारमा हुदै आएको छ । विकास समितिले कर्मचारीहरुसंग दुई वर्षे कार्यसम्पादन संझौता गरी कामकाजमा लगाएको छ भने कार्यसम्पादनको स्तर हेरी कार्य कुशलता सन्तोषजनक भएका कर्मचारीहरुले निरन्तरता पाएकाछन् । कर्मचारीहरुको पारिश्रमिक नेपाल सरकार कै मापदण्ड अनुसार छ भने योगदानमा आधारित सामाजिक सुरक्षा कोषको स्थापना गरी कर्मचारी निवृत्त हुदा सेवा अवधिका आधारमा एकमुष्ट रकम प्राप्तहुने व्यवस्था मिलाइएको छ ।

## स्वप्न बगैचामा भएका फूल तथा बोटविरुवाहरु

**Trees :**चीन बेरी, लुकाट, फ्रान्जिपानी, म्यापल, चेरी ट्री, म्याग्नोलिया, क्याम्पाका, दालचिनी, रोइने चिनियाँ बरग, रोडोडेन्ड्रन, पर्सिमोन, मान्गो, वाफल, मसलाको रूख, मेडेनहैर रूख, शहतूत, कागज फूल, लिटसिया, क्लस्टर फिगर, पुमिलो, क्रिम। , अशोक रूख, रोई विलो, रुद्राक्ष, गोल्डन स्नान(China berry, Louqat, Frangipani, Maple, Cherry Tree, Magnolia, Campaca, Cinnamon, Weeping chinese banyan, Rhododendron, Persimon, Mango, Waffle, Eucalyptus, Maidenhair tree, Mulberry, Paper flower, Litsea, Cluster fig., Pumillo, Crape myrtle, Ashoka tree, Weeping willow, Rudraksha, Golden shower)

**Bushes:**बेर, मेक्सिकन सेज बुश, क्यारिबियन तामाको बोट**(Plum, Mexican Sage Bush, Caribbean copper plant,)**

**Flowering Peach:**चेरी फूल(Cherry Flower)

**Palm:** Date Palm, King Palm, Pony Tail Pal, Fish Tail Palm, Fan Palm (मिति पाम, किंग पाम, पोनी टेल पाल, फिश टेल पाम, फ्यान पाम)

**Orchid:** Ground Orchid, Dendrobium yellow and white **(**ग्राउंड अर्किड,Dendrobiumपहेंलो र सेतो**)**

**Bamboo:** Painted Bamboo, Buddha's belly, Black bamboo (पेन्टेड बाँस**,** बुद्धको पेट**,** कालो बाँस**)**

**Ever Green Plant:**Cordyline, Straw berry geranium, Cast iron plant, Egyptian Paper Plant, Umbrella Plant, Oregon grape, Flax lily, Variegated japanese dwarf, Flax, Painted finger nail, Pampus grass, Golden dewdrop, Chinese ligustrum, Cyprus grass (Cordyline, स्ट्रौ बेरी geranium,कास्ट फलाम प्लान्ट**,** इजिप्शियन पेपर प्लान्ट**,** छाता प्लान्ट**,** ओरेगन अंगुर**,** फ्लाक्स लिली**,** विविध प्रकारको जापानी बौना**)**

**Flowering Bush** :Common hydrangea**,** Yesterday today Tomorrow, Spider Lily, Day Lily, Fragrant-plantain-lily,Butterfly Bush, Gardenia, Angel's Trumpet, Canna, Garden camellia, Bird of paradise, Ginger wort, Maxician sage bush, Christmas flower, wild sage, Lead wort

**Archeological status:**

- Photos of historical structures ( pavilions)
- Existing Pavilions:
    - Basanta ( Spring) Pavilion
    - Grishma (Early Summer) Pavilion
    - Barkha (Summer Monsoon) Pavilion
- Not Existing Pavilion
    - Hemanta ( Early Autumn) Pavilion
    - Sharad ( Late Autumn ) Pavilion
    - Shishir ( Winter ) Pavilion

**Arts and Artifacts**

- Lord Radha Krishna Stain Painted Glass Window
- Exotic Dreams Gate
- Sphinx
- Sculpture
- Bench
- Pergola
- Classic Central Pond
- Lotus Image on Metal
- Dreams Garden Text on Magic Style
- Mirror on illustration style
- Canopy
- Balustrade Wall
- Urn
- Niche

- Chinese Moon Gate
- Obelisk
- Mushroom Light

**प्रमुख प्राप्तिहरु**

केशरमहलको परिसर भित्रकाभौतिक संरचनाहरु, ऐतिहासिककेशर पुस्तकालय र स्वप्नबगैचाको सुदृढीकरण विकास र संचालन सम्बन्धी व्यवस्थापकीय कार्यढाँचाका सम्बन्धमा अध्ययन हुँदा निम्नानुसारका प्राप्ति (findings) हरु देखिएका छन् ।

१ केशरमहलको पुननिर्माण भैरहेको अवस्थामा केशर पुस्तकालयका पुस्तकहरु तथा कार्यालयका सामानहरु र पुरातात्विक Arts and Artifacts परिसर भित्र नै prefab hall तयार गरीसंरक्षण गरिएको छ । पाठकहरुलाई सुविधा हुने गरी भएका पुस्तकहरुलाई computerized catalog system मा राखी सहज पहुच पुर्याइरहेको देखिन्छ ।

२ पुननिर्माण कार्य चलिरहेको अवस्थामा निर्माण सामग्रीहरु र debris अवव्यवस्थित भएको देखिन्छ । जसले गर्दा पुस्तकालयमा आउने आगन्तुकहरुलाई र स्वप्न बगैँचामा मूल ढोकाबाट आवतजावत गर्न कठिनाइ भैरहेको देखिन्छ । त्यसैगरी पुननिर्माणको क्रममा केशरमहलको दक्षिण पश्चिमको खण्ड पूरै भत्काउदा थुप्रिएको धुलो र फोहरले बगैचा पुनसंचालनमा आउँदा आगन्तुकहरुलाई असहजहुने देखिन्छ ।

३ केशरमहलको परिसर भित्रको शिक्षा मन्त्रालयको छात्रवृत्ति शाखा आगन्तुकहरुको चाप र उपलब्ध ठाउँलाई हेर्दा व्यवस्थित हुनसकेको देखिदैन ।

४ वर्तमानमा स्वप्न बगैंचाप्रतिको जन आकर्षण र यसको आर्थिक प्रगति तथा सफल व्यवस्थापकीय ढाँचाका कारणले यसलाई केशरमहल परिसरमा विस्तार गर्नुका साथै यसै प्रकारका बगैंचाहरु मुलुकका विभिन्न भागहरुमा विकास तथा संचालन गर्न वाञ्छनीय देखिएको सम्बन्धित विज्ञहरुबाट सुझाव प्राप्त भएको छ।

५ भूकम्पवाट क्षतिग्रस्त केशरमहललाई पूननिर्माण सम्पन्न भएपछि सम्पूर्ण भागहरुलाई ऐतिहासिक, पुरातात्विक तथा शास्त्रीय पहिचान झल्कनेसास्कृतिक केन्द्र सहितको संग्रहालय, पुस्तकालय, तथा बगैंचाको एकीकृत विकास र व्यवस्थापन हुन विभिन्न विज्ञहरुबाट सुझाव प्राप्त भएको छ । सो हुनसके केशरमहल पर्यटकीय आकर्षणको केन्द्र मात्र नभई राष्ट्रिय गौरवको स्थल बन्न सक्ने देखिन्छ ।

६ अवसर तथा चुनौतीहरु

**अवसर**

क. नेपालकै सवभन्दा महत्वपूर्ण पर्यटकीय केन्द्र ठमेलमै जोडएको ठाउँमा ३४ रोपनी भन्दा बढी क्षेत्रफलमा फलिएको केशर महल तथा परिसरको उपलब्धता हुनु ।

ख. केशर महलमा नेपालकै पुरानो र महत्वपूर्ण पुस्तकालाय, arts and artifacts हरुको संग्रह हुँदै आउनु ।

ग. स्वप्न बगैँचा विकास समिति, शिक्षा मन्त्रालय, सास्कृतिक, पूरातात्विक तथा पर्यटकीय क्षेत्रका विज्ञहरुले केशर महललाई ऐतिहासिक पूरातात्विक शैक्षिक तथा पर्यटीकीय केन्द्रको रुपमा वकास गर्न सकारात्मक देखिनु ।

घ. स्वप्न बगैचा व्यवस्थापनका लागि नेपाल सरकारको सचिवको अध्यक्ष्यतामा भवन तथा जग्गा दाता, होटल तथा पर्यटन क्षेत्र र गैरसरकारी क्षेत्रको प्रतिनिधित्व भएको विकास समिति कार्यरत भैरहनु ।

ङ. विशिष्ट प्रकृतिको व्यवस्थापन प्रणालीका कारण स्वप्न बगैचा आर्थिक रुपले आत्म निर्भर मात्र नभई ऐतिहासिक, पूरातात्विक संरक्षण र महत्व तथा जैविक विविधताको उत्कृष्ट संयोजन भएको संसारकै नमूना बगैँचाको रुपमा स्थापित हुनु । जसको व्यवस्थापकीय ढाँचालाई केशर महल लगायत यसैप्रकृतिका संस्थाहरुमा अनुसरण गर्न लायक हुनु ।

च. केशरमहलमा भूकम्पले पुर्याएको क्षतिको शास्त्रीय शैली र वास्तुकलाहरुलाई जस्ताको त्यस्तै रुपमा हुने गरी भवनको पुनर्निर्माण सम्पन्न हुने अवस्थामा हुनु ।

छ. पुननिर्मित केशरमहलमा पुस्तकालयले ओगटेको भौतिक संरचना बाहेक एतिहासिक, सास्कृतिक तथा पुरातात्विक महत्वका पर्यटकीय स्थानको रुपमा विकास गर्न पुग्ने स्थानको उपलब्धता हुनु ।

ज. पुस्तकालय संचालन तथा व्यवस्थापनका लागि नेपाल सरकारबाट नियमित बजेट प्राप्त हुने गर्नु ।

झ. ऐतिहासिक, सास्कृतिक तथा पुरातात्विक महत्वका पर्यटकीय केन्द्रको रुपमा केशरमहललाई विकास गर्न अन्तर्राष्ट्रिय दातृनिकाय, मित्रराष्ट्रहरबाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त हुनसक्ने आसयहरु विद्यमान हुनु ।

ञ. निजी क्षेत्रबाट समेत सास्कृतिक तथा पुरातात्विक महत्वका ऐतिहासिक वस्तुहरु संकलन गरी सर्वसाधारणले अवलोकलन गर्न सक्ने व्यवस्था मिलाउन सक्ने बलियो सम्भावना रहेको ।

ट. स्वप्न बगैँचा विकास समितिले आफ्नो नीति तथा दूरदृष्टीमा केशरमहललाई एकीकृत व्यवस्थापनको माध्यमबाट एतिहासिक, सास्कृतिक तथा पुरातात्विक

महत्वका पर्यटकीय केन्द्रको रुपमा विकास गर्ने उल्लेख गर्दै सम्पूर्ण कार्यको व्वस्थापकीय कार्य गर्न तत्परता देखाएको ।

**चुनौतीहरु**

**क.** केशरमहललाईएतिहासिक, सास्कृतिक तथा पुरातात्विक महत्वका पर्यटकीय केन्द्रको रुपमा विकास गर्न आवश्यकहुने आर्थिक स्रोतको उपलब्धता र व्यवस्थापन चुनौतीपूर्ण छ ।

ख. पुरानै ढाँचा शैली र आकार तथा प्रकारका भौतिक संरचानाको पुननिर्माण गर्ने गरी राष्ट्रीय पुननिर्माण प्रधिकरणले नाप नक्शा तथा आवश्यक स्रोत समेतको व्यवस्था गर्दै पुन निर्माण कार्य सम्पन्न गर्न लागेको अवस्थामा ऐतिहासिक, सास्कृतिक तथा पुरातात्विक महत्वका पर्यटकीय केन्द्रका लागि चाहिने भौतिक पक्ष ( कोठाहरु, अडिटोरियम, शौचालय, कार्यालय) को उपलब्धाताहुन चुनौतीपूर्ण छ ।

ग. ऐतिहासिक, सास्कृतिक तथा पुरातात्विक केन्द्रको व्यवस्थापन र संचालनका लागि प्राविधिक तथा अप्राविधिक जनशक्तिको आवश्कता पर्ने हुन्छ । यस प्रकारको जनशक्तिको व्यवस्थापन, सेवा, शर्त तथा सुविधाहरुको प्रबन्ध र श्रोतको सुनिश्चितता हुन आवश्यक छ ।

घ. पुराना ऐतिहासिक, सास्कृतिक तथा पुरातात्विक महत्वका सामग्रीकोसंग्रह र सार्वजनिक रुपमा प्रदर्शन गर्ने लक्ष लिदा सो अनुरुपका सामग्रीहरुको उपलब्धता कसरी हुने र कुन खालका सामग्री राख्ने आदि पक्षको व्यवस्थापन पनि चुनौतीपूर्ण छ ।

ङ. केशरमहलको दोस्रो तलासम्म विभिन्न उमेर तथा शारीरिक क्षमताका पर्यटकहरु आवागमन गर्दा विद्युतीय भर्याङ् (elevator) आवश्यक हुनेछ । त्यसैगरी ठूलोसंख्यामा आगन्तुकहरुको आगमन हुने र हरेकले लगभग २ घण्टा केशरमहलमा नै विताउनेहुन सक्छ , तसर्थ पुग्दो मात्रामा पानी सहितको महिला, पुरुष र अपाङ्गका लागि शौचालयको व्यवस्था हुन जरुरी हुन्छ। जसका लागि उपयुक्त ठाउँ र लागतको जोहो हुन चुनौतीपूर्ण छ ।

च. स्वप्न बगैचा विकास समिति अन्तर्गत आफ्नैव्वस्थापकीय ढाँचामा सफल र आत्मनिर्भर संस्थाको रुपमा स्थापित भैसकेको र केशर पुस्तकालय सरकारी स्रोतमा आधारित भई पूर्ण रुपले सरकारी स्वामित्वमा संचालन भएको

अवस्थामा सम्भावित ऐतिहासिक, सास्कृतिक तथा पुरातात्विक महत्वका पर्यटकीय केन्द्र स्थापना गर्दा स्वीकार्य र प्रभावकारी व्यवस्थापकीय ढाँचा अवलम्बन गर्न पनि चुनौतीपूर्ण छ।

छ. ऐतिहासिक, सास्कृतिक तथा पुरातात्विक महत्वको पर्यटकीय केन्द्रको रुपमा समग्र केशरमहललाई विकास गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाईस्थानको व्यवस्थापन चुनौतीपूर्ण हुन सक्छ ।

## सिफारिसहरु

केशर पुस्तकालयको रुपमा ख्यातिप्राप्त पुस्तकालयको संरक्षण एवं संम्बर्द्धनगरी ज्ञानको भण्डारलाई अनुसन्धानकर्ता, साधारण पाठक तथा जिज्ञासुहरुलगायतको बीचमा प्रस्तुत गर्दै सबैका लागि जीवन उपयोगी र लाभमूखीबनाउनु समसामयिक आवश्यक रहेको । पुस्तकालयको उचित व्यवस्थापनगर्दै केशर भवनलाई पुनः निमार्ण पश्चात् सो भवनमा साँस्कृतिक केन्द्रको व्यवस्थापन तथा समकालीन कलाको संग्राहालयको रुपमा विकासगरी अभौतिक सम्पदाहरुको सूचना जनसमक्ष पुर्याउन आवश्यक रहेको छ । आधुनिक सभ्यतातर्फ आकर्षित युवापुस्ताहरुलाई परम्परागत संस्कृतिका विविध आयामहरु र चित्रकलाका बारेमा जानकारी उपलब्ध गराउन साँस्कृतिक केन्द्र र कला संग्राहालयको व्यवस्थापन गर्न आवश्यक छ ।अभौतिक सम्पदाका महत्वपूर्ण विषयहरुलाई अन्तर्राष्ट्रिय अभौतिक सम्पदा सम्बन्धी अन्तर्राष्ट्रिय महासभाहरुद्वारा पारित विषयलाई कार्यान्वयन गर्न र नेपाली कलासंस्कृतिको प्राज्ञिक अनुसन्धान गर्दै यसका महिमा र गुण पक्षलाई अन्तर्राष्ट्रियकरण गर्नु समेत शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्य क्षेत्र भित्र पर्ने हुनाले सोसम्बन्धी कार्य गर्नमा सहयोग पुर्याउने छ ।

केशरमहलको समग्र अवस्था, देखिएका अवसरहरु र चुनौतीहरुको विश्लेषण गर्दायस परिसरलाई नेपालले गौरब गर्न लायक ऐतिहासिक, सास्कृतिक तथा पुरातात्विक महत्व भएको पर्यटकीय केन्द्रको रुपमा विकासगर्न वाञ्छनीय हुने देखिन्छ । जसमा निम्नानुसारका संस्थागत संरचनाहरु हुनसक्ने छन् ।

क. **केशर पुस्तकालय:** २०२६ सालदेखि नेपाल सरकारको प्रत्यक्ष मातहत र व्यवस्थापनमा संचालन हुँदै आएको केशर पुस्तकालयलाई २१औं शताब्दी अनुकुलको प्रविधिमैत्री पुस्तकालयको रुपमा विकास गरी यसबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पाठकहरु लाभान्वितहुने गरी यसको क्षमता विकास गर्न प्राविधिक र व्यवस्थापकीय सुधार गर्ने ।

ख. **स्वप्न बगैँचा:**केशरमहल रकेशर पुस्तकालयसंगै नेपाल सरकारलाई हस्तान्तरण भै आएको स्वप्न बगैँचा सन् २००७ मा पुननिर्माण भई विकास समिति अर्न्तगत स्वायत्त सस्थाको रुपमा संचालन हुँदै आएको छ । व्यवस्थापकीयसफलता सहित आर्थिक रुपमा आत्मनिर्भर नेपालकै उदाहरणीय पर्यटकीय केन्द्रको रुपमा स्थापित

भैसकेता पनि यस बगैँचालाई समयानुकुल सुधार गर्दै जाने र केशर महलको अगाडिको भागसम्म विस्तार गर्न र नास भएका सदनहरुको निर्माण का साथै केशरमहल अन्तरगतका ऐतिहासिक महत्वका संस्थाहरु बीच व्यवस्थापकीय सह–सम्बन्ध हुन जरुरी देखिन्छ ।

ग. **राणाकालीन संग्रहालय**: नेपालको ईतिहासको लामो कालखण्ड राणाहरुले शासन गरेका र काठमाण्डौ उपत्यका भित्रका सिंहदरवार, केशरमहल, बागदरबार, बबरमहल, थपाथली दरबार आदि जस्ता भौतिक संरचनाहरका निर्माणमा राणाहरुकै योगदान रही हाल नेपाल सरकारका महत्वपूर्ण प्रशासनिक केन्द्रका रुपमा रहिआएका छन् । राणाकालीन अवस्थाका ऐतिहासिक पुरातात्विक तथा शास्त्रीय पक्षहरुको संरक्षण र सम्बर्द्धनको कार्य नभएको पृष्टभूमिमा यस राणाकालीन दरबारमा पहिलेदेखि नै केही पूरातात्विक बस्तुहरु रहेको र राणाकालीन समयकै केही पुरातात्विक बस्तुहरुसंकलन गर्न सकिने देखिएको हुँदा केशरमहलको एउटा खण्डलाई राणाकालीन संग्रहालयको रुपमा विकास गरी नेपालको ऐतिहासिक, पुरातात्विक तथा शास्त्रीय महत्वलाई विश्वमा चिनाउन अत्यन्त सान्दर्भिक हुने देखिन्छ ।

घ. **ऐतिहासिक कला केन्द्र**: केशर महल / केशर पुस्तकालयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका महत्वपूर्ण पुस्तकहरुका अतिरिक्त केशर शम्शेरले संग्रह गरेका पुरातात्विक महत्वका बस्तुहरु र विभिन्न कालाकृतिहरु छन् जसलाई छुट्टै खण्ड ( section) मा व्यवस्थित रुपमा सार्वजनिक अवलोकनका लागि राख्न सकिने अवस्था छ । पुस्तकालय र संग्रहालयका लागि आवश्यकहुने ठाउँबाहेक कला केन्द्रका लागि पनि पर्याप्त ठाउँ उपलब्ध हुने अवस्था देखिन्छ भनेकेशरमहल भित्र रहेको चोकलाई काला प्रस्तुतिकरण केन्द्र / अडिटोरियम हलको रुपमा विकास गर्न सकिने देखिन्छ। जसमा परंपरागत दृश्य (tangible),अदृश्य (intangible)कला संस्कृतिका नमुनाहरु प्रस्तुत गर्न सकिने देखिन्छ।

माथिका सम्भाव्यता प्राथमिकता र औचित्यताका आधारमा विकास समितिकोसहयोगमा केशरमहल अन्तरगत रहेका स्वप्न बगैँचा र केसर पुस्तकालयले राणाकालीन पुरातात्विक महत्वका वस्तुहरुलाई संरक्षण सम्बर्द्धन गर्दै सास्कृतिक केन्द्र सहितको शैक्षिक संग्रहालयको रुपमा विकास गर्ने अवधारणाका लागि निम्नानुसारका उद्देश्य सहित सुधारिएको व्यवस्थापकीय कार्यढाँचा प्रस्तुत गरिएको छ ।

## एकीकृत व्यवस्थापनका उद्देश्यहरु

क. स्वप्नबगैंचा, केशरपुस्तकालयर सास्कृतिक केन्द्र सहितकोराणाकालीनसंग्रहालयकोव्यवस्थापनहुने ।
ख. स्वआर्जनकोप्रवर्द्धनगरीकेशरमहललाईआत्मनिर्भरसंस्थाकोरुपमाविकासगर्ने।
ग. स्वदेशीएवंविदेशीपर्यटकहरुलाईआकर्षितगरीबगैंचाभ्रमणगर्ने ।
घ. पुस्तकालयमाअध्यनगर्नेरसंग्रहालयकोभ्रमणगर्नेसंस्कृतिकोप्रवर्द्धनगर्ने।
ङ. राणाकालीनरत्यसअघिकाएतिहासिककला र वस्तुहरुकोसंग्रह तथा अध्ययन अनुसन्धान गरी पुरातात्विकधरोहरहरुकोसंरक्षणका माध्यमबाट आमजनसाधारणमाजानकारीका साथै नेपाली कलासंस्कृतिको विश्वव्यापी रुपमापहिचान बढाउने।

## एकीकृत व्वस्थापनसंगै गरिनुपर्ने कार्यहरु

**बगैचाको सुदृढीकरण**(Strengthen the garden )

क. Digitized inventory of plant and flowers: बगैंचामा भएका बोट बिरुवाहरु र फूलका प्रजातिहरुको वनस्पति विज्ञान अनुसार नाम विशेषता सहितको विवरण तयार गर्ने र यो सूचनालाई निरन्तर अध्यावधिक गर्दैजाने । यस सम्बन्धी सम्पूर्ण विवरण स्वप्न बगैँचाको वेवसाईटमा राख्ने ।

ख. Collections of rare plants and flowers : स्थानीय हावापानीमा हुर्किन सक्ने र संरक्षित हुनसक्ने दुर्लभ बोट बिरुवाहरुको संरक्षण तथा सम्बर्द्धन गरी जैविक विविधताको संग्रह गर्ने ।

ग. Extension of the garden: लगभग ८ रोपनी क्षेत्रफलमा फैएको स्वप्न बगैँचालाई केशर महलको अगडि रहेको पोखरी समेतलाई समेटी त्यहाँ भएको पुरातात्विक बस्तु तथा कलाहरुलाई पूर्ववत नै हुनेगरी पुन निर्माण गर्दै बगैचाको विस्तार गर्ने । यसरी विस्तार गर्दा केशर पुस्तकालयमा निशुल्क रुपमा अध्ययन गर्न पाउने अवसरलाई बञ्चित नहुने गरी पाठकहरु आवागमन गर्ने व्यवस्था मिलाउनु पर्ने छ ।

घ. Construction of lost pavilions: ऐतिहासिक प्रमाणहरुलाई हेर्दा स्वप्न बगैँचासंसारमा पाइने उत्कृष्ट फूलहरु, पोखरी, झरना, आकर्षक landscaping , का अतिरिक्त ६ वाटा ऋतुहुको प्रतिविम्ब झल्कने सदनहरु ( pavilions) को सुन्दर संगम हो।तर कालान्तरमा तीनवटा सदनहरु नष्ट भई हाल तीनवटा मात्र छन् ।केशर महलको समग्र ऐतिहासिक, पुरातात्विक र शास्त्रीय कला र शैलीको प्रबर्द्धन गर्ने सन्दर्भमा उक्त लोपभएका तीनवटा सदनहरुको पुनस्थापन गर्नु वाञ्छनीय हुने भएकाले बगैँचाको परिसर भित्र (पश्चिमतर्फ) प्राथमिक

शिक्षा परियोजना संचालन गर्नका लागि तयार गरिएको भवन (जुन २०७२ को भूकम्पका कारण पुन प्रयोगमा ल्याउन नमिल्ने गरी क्षतिग्रस्त भएको छ ) लाई हटाई त्यसठाउँमा लोप भएका सदन मध्ये तत्कालीन डिझाइन अनुसार नै एक वा दुई सदन (हेमन्त, शीशीर वा.....) निर्माण गर्ने ।

ङ. Strengthening external linkages: राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा समेत ख्याती कमाइ सकेको स्वप्न बगैँचा ऐतिहासिक तथा प्राकृतिक विविधतासंरक्षणको उत्कृष्ट नमूना र आन्तरिक तथा पर्यटकका लागि लोकप्रिय भैरहेको सन्दर्भमा नेपालका विभिन्न भागहरुमा रहेका स्थानीय मौलिक पहिचानबोकेका ऐतिहासिक तथा प्रकृतिक सुन्दरताहरुलाई व्वस्थित गरी आन्तरिक तथा बाह्य पर्यटनलाई प्रबर्द्धन गर्ने विषयमा सहयोग पुग्नेगरी प्रदेश वा स्थानीय सरकार वा अन्य निकायहरुसंग संस्थागत सहकार्य गर्ने । बोट विरुवा, बीऊ बीजन तथा प्राविधिक ज्ञान सीप आदान प्रदानका लागि अन्तराष्ट्रिय संघसंसस्था तथा मित्र राष्ट्रहरुसंग समेत समन्वय तथा सहकार्य गर्नेगरी बाह्य जगतसंगको सम्बन्ध विस्तार गर्ने ।

**पुस्तकालय सुदृढीकरण**( library strengthening )

क. Digitization: केशर पुस्तकालयमा उपलब्ध सबै पुस्तकहरुलाई digitize गर्ने । यसका लागि यस अघि digitize भैसकेका अभिलेखहरुलाई समेटने गरी अन्तर्राष्ट्रिय स्तरको प्रविधिमा आधारित पुस्तकालय अभिलेखिकरण गरी यसपुस्तकालयलाई प्रयोग गर्न चाहने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पाठकहरुलाई सहजपहुँचको व्यवस्था मिलाउने ।

ख. Flexible, modular learning environments: अन्तर्राष्ट्रिय मान्यता अनुसार आधुनिक पुस्तकालयहरुमा सिकाइ वातावरणलाई अत्यन्त ध्यान दिइएको हुन्छ । तर केशर पुस्तकालय जस्तो १०० वर्ष भन्दा पुरानो पुस्तकालयमा रहेका पठन सामग्रीहरु लाई विभिन्न समुह तथा बर्गका पाठकहरुलाई ( अपाङ्गता भएका,बृद्ध, बालबालिकासमेत )सहज हुनेगरी भौतिक व्यवस्थापन गर्ने ।

ग. Full of lighting system: पठन मैत्रीता ( reading friendly) का लागि प्रसस्त उज्यालोको लागि आवश्यक झ्याल ढोकाहरु र कोठाको आकार पठनमैत्रीताको लागि उपयुक्तहुने आधुनिक lighting system , पुस्तक राखिएको ठाउँमा र पढने टेवलहरुमा reader friendly हुनेगरी व्यवस्था मिलाउने ।

घ. Wireless connectivity and outlet access: २१औं सताब्दीको जीवन शैली सूचना प्रविधिमा आधारित छ । पठन संस्कृतिको ढाँचा पनि प्रविधिमा नै आधारित हुन पुगेको छ । तसर्थ उच्च क्षमताको इन्टरनेट सुविधा र virtual study मा सहयोग पुग्ने खालको वैज्ञानिक प्रकृया अपनाई सेवा प्रवाह गर्ने ।

ङ. Attractive and reader friendly setup and furnishing: पुस्तकालय भित्रको seating arrangements, attractive and comfortable furniture को व्स्था मिलाउने ।

- Audio video material:कतिपय पाठ्यसामग्रीहरुलाई श्रव्यदृश्यमा रुपान्तरण गर्ने ताकि पाठकहरुलाई उनिहरुको रुची आवश्यकता र मनोरञ्जनात्मक बनाउने ।
- Animations: कतिपय ऐतिहासिक घटनाक्रमहरुलाई animated videos, 3D videos आदिमा रुपान्तरण गरी नयाँपुस्तालाई ज्ञानप्रति आकर्षित गर्ने ।
- Distinct zones for different area of resources: पाठ्यसामग्रीको प्रकृति र category का आधारमा classification गरी आधुनिक प्रविधि सहितको विभिन्न reading section हरुविस्तार गर्ने ।

च. Access, linkage and exchange of global knowledge: केशर पुस्तकालयलाई संसारका प्रसिद्ध पुस्तकालयहरुसंग जोड्दै ज्ञान, प्रविधि र श्रोतको आदान प्रदान गरी आधुनिक पुस्तकालयको रुपमा विकास गर्ने ।

छ. Collaboration with academic institutes: पुस्तकालयको प्रायोगिकता प्रबर्द्धन गर्न देश भित्रका र बाहिरका प्राज्ञिक संस्थाहरु, विश्वविद्याल, अनुसन्धान केन्द्रहरुसंग संस्थागत सहकार्य गरी ज्ञानको उपयोग र विस्तारमा केशर पुस्तकालयको पहिचान बढाउने ।

ज. Food and cold drinks options: केशर पुस्तकालयमा आउने पाठकहरु लक्षित cold drinks, tea, coffee, and snacks, photo copy, scanner services समेतका लागि पुस्तकालयको उपयुक्त स्थानमा tea/cake shop आवश्यक व्यवस्थापन गर्ने।

झ. Drinking Water Toilets: महिलातथा पुरुषहरुका लागि अपाङ्गता मैत्री समेत हुनेगरी शौचालयको व्यवस्था र नियमित सरसफाईको विशेष व्यवस्था गर्ने ।

**राणाकालीन संग्रहालयसंचालन(Operation of Rana Museum)**:

सिफारिस खण्डको ‘ग’ मा उल्लेख भए अनुसारहाल केशर पुस्तकालयमा रहेका पुरातात्विक बस्तुहरु र हाल नेपाल सरकारको स्वमित्वमा रहेका तथा व्यक्तिहरुसंग समेत भएका संरक्षण तथा सम्बर्द्धनको पर्खाइमा रहेका पुरातात्विक महत्वका सामग्रीहरु संकलन गरी संग्रहालय स्थापना गर्ने र न्यूनतम शुल्कमा सर्वसाधारणका लागि अवलोकलको अवसर दिन निम्नानुसार गर्ने ।

क. केशरमहलको दोस्रो र तेस्रो तलाको उत्तरीलङ्गका कोठाहरुलाई संग्रहालयका लागि प्रयोगमा ल्याउन सकिने ।
ख. संग्रहालय व्वस्थापनका सिद्धान्त अनुसार विभिन्न प्रकृतिका पुरातात्विक बस्तुहरुलाई छुट्टा छुट्टै खण्डमा राख्ने व्यवस्था गर्ने ।
ग. हाल केशर पुस्तकालयमा भएका बाहेकका संग्रहालयमा राखिने पुरातात्विक बस्तुहरु संकलन गर्दा राणाहरुले संग्रह गरेका, तत्कालीन दरबारहरुमा भएका वस्तुहरुलाई बढी प्राथमिकता दिने ।
घ. निजी व्याक्तिहरुसंग भएका तर उचित रुपमा संरक्षण र भण्डारण हुन नसकी संकटासन्न अवस्थाका पुरातात्विक महत्वका सामाग्रीहरु संकलन गर्न दाताहरुलाई सार्वजनिक सूचनामार्फत उपहार स्वरुप संग्रहालयलाई दान गर्न आह्वान गर्ने ।
ङ. निजी क्षेत्रबाट सामग्री संकलन गर्दा बस्तुको ऐतिहासिक महत्व, र दाताको पहिचान झल्कने गरी संग्रहालयमा राखिने व्यबस्था मिलाउने। पुरातात्विक महत्वका वस्तुहरु भण्डारणको समस्या भोगिरहेका दाताहरु आफ्नो सामग्रीको उचित संरक्षण हुने र आफ्नो पूर्खा तथा परिवारको पहिचान समेत युगौयुग सम्म रहनेहुँदा आफूसंग भएको सामान संग्रहालयलाई हस्तान्तरण गर्न थप आकर्षित हुनेछन् ।
च. संग्रहालयका लागि चाहिने भौतिक पूर्वाधार, साजसज्जा, सुरक्षणका लागि चाहिने प्रविधि आदिका लागि चाहिने प्राविधिक तथा आर्थिक सहायताका लागि मित्र राष्ट्रहरु, अन्तर्राष्ट्रिय दातृ निकाय, संरक्षण क्षेत्रमा कार्यरत संघसंस्थाहरुसंग सहकार्य गर्न वाञ्छनीय हुने देखिन्छ ।

**ऐतिहासिक सास्कृतिक कला केन्द्र(cultural art center)**:

केशरमहलमा पुस्तकालय र संग्रहालयका लागि आवश्यकहुने ठाउँबाहेक कला केन्द्रका लागि पनि पर्याप्त ठाउँ उपलब्ध हुने अवस्था देखिन्छ । यसका लागि केशरमहल भित्रको चोकलाई सदुपयोग गरी करिव २०० जना क्षमताको अडिटोरियम बनाउन सकिने अवस्था देखिन्छ । योचोकलाई प्रयोग गर्दा केशरमहलको ऐतिहासिक र पुरातात्विक पक्षलाई भने विशेष ध्यान दिनु पर्ने हुन्छ । कला केन्द्रको स्थापना, व्यवस्थापन र संचालनका लागि निम्ननानुसर गर्न वाञ्छनीय हुने देखिन्छ ।

क. केशरमहलको भुँई तलाको बीचको चोक र दक्षिणर पश्चिमपट्टिका कोठाहरु, यस सास्कृतिक केन्दका लागि छुट्याउने ।
ख. बीचको खाली रहेको चोकलाई अडिटोरियम हलको रुपमा विकास गर्ने । सके सम्म यो हल indoor or outdoor दुवै किसिमले प्रयोग गर्न सकिने गरी निर्माण गर्न सकिने ( will be based on engineering design) ताकि यहाँ भएका रुखहरु सकेसमम मास्न नपरोस ।
ग. अडिटोरियमको मूल उद्देश्य नेपालका परंपरागत tangible or intangible cultural heritages को संरक्षण र प्रवर्द्धन हुने गरी आन्तरिक तथा वाह्य पर्यटकहरु लक्षित कार्यक्रमहरु संचालन गर्ने हुनेछ ।

घ. अडिटोरियमको साथमाकेशर शम्शेरले संग्रह गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पेन्टिङ् तथा चित्रहरु र समकालीन नेपाली कलाहरुको संकलन गरी उत्तर र पश्चिम पट्टिको कोलियामा प्रदर्शनमा राख्न सकिन्छ ।

ङ. नेपाली विभिन्न जात जाति भाषा संस्कृतिका मौलिक कला तथा संस्कृति झल्कने उत्कृष्ट सिर्जनाहरुलाई समेत ठाउँले भ्याएसम्म प्रदर्शनीका लागि स्थान दिन सकिन्छ ।

च. सास्कृतिक केन्द्र भित्र अडिटोरियम, बैठक कक्षहरु, प्रदर्शनी कक्ष, क्याप्टेरिया, आवश्यक मात्रामा शौचालयहरु हुनेछन् ।

छ. विशिष्ट वास्तुकला प्रतिनिधित्व गर्ने छायाँ चित्रहरु संग्रहगर्दै सोको संग्रह एवं प्रदर्शनी र वास्तुकलाको विकासमा महत्वपूर्ण योगदान पुर्याएका एतिहासिक कलाहरुबाट प्राप्त विचार एवं सामाजिक जीवनका विविध पक्षहरुलाई उजागर गर्ने ।

ज. साँस्कृतिक केन्द्रका माध्यमबाट समसामयिक कलाको अभिव्यक्ति जनसमक्ष पुर्याउन प्रदर्शनीको व्यवस्थापन गर्ने गराउने। यसका माध्यमबाट विगतका साँस्कृतिक अभिव्यक्तिलाई जनसमक्ष पुर्याई राष्ट्रिय चिन्तनका बारेमा बोध गराउन मदत पुग्ने छ ।

झ. नवीन तथा परम्परागत विचार एवं भावनालाई प्रतिनिधित्व गर्ने संगीत, सामाजिक जीवनका विविध पक्षहरु, परम्परागत कौशलका विविध विधाहरु, विश्व ब्रम्हाण्ड सम्बन्धी ज्ञान र साहित्यको विकासमा समय समयमा विकास भएका आयामहरु समेतको प्रस्तुतिकरण हुने गरी व्यवस्था मिलाउने ।

## एकीकृत व्यवस्थापनको ढाँचा(model for the integrated management)

विकास समितिद्वारा स्वायत्त संस्थाको रुपमा संचालन हुँदै आएको स्वप्न बगैचा आर्थिक स्रोतको हिसावले आत्मनिर्भर मात्र नभई ऐतिहासिक, पुरातात्विक र शास्त्रीय पहिचानलाई विश्वव्यापी बनाउस सफल देखिन्छ तर ऐतिहासिक कलाकृति र पुरातात्विक वस्तुहरुको धनी केशर महलका शास्त्रीय महत्वलाई स्वदेशी एवम् विदेशी पाठक, पर्यटक तथा जिज्ञासुहरुमाझ उचित रुपमा पुर्याउन सकिएको छैन । तसर्थ समग्र केशर महलको पुरातात्विक पक्षहरुलाई केशर पुस्तकालय, संस्कृतिक कला केन्द्र र स्वप्नबगैंचाको आ-आफ्नो मौलिक पहिचान र स्रोत साधनलाई व्वहारिक, वैज्ञानिकपक्षलाई मध्यनजर गर्दै केशरमहललाई वैज्ञानिक व्यवस्थापनमा लैजान निम्नानुसार गर्ने ।

१. Layout design

क. केशर पुस्तकालय: हाल प्रयोग भैरहेका कक्षहरु, उत्तरका र पूर्वका सवै भाग, पहिलो तलाको हल समेतका कोठाहरुमा पुस्तकालयलाई व्यावस्थापन गर्ने ।यसो गर्दा केशर पुस्तकालयमा पाठकहरुलाई निशुल्क

रुपमा आवत जावत गर्न सहज हुनेछ र महलका अन्य कोठाको हकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्देशनअनुसार संचालन गर्ने ।

ख. संग्रहालय: केशर महलको पश्चिमको पहिलो र दोस्रो तलाका कोठाहरु, दोस्रो तलाको दक्षीणका कोठाहरु ।

ग. सास्कृतिक कला केन्द्र: केशरमहलको बीचको चोक, दक्षिण र पश्चिम पहिलो तलाका कक्षहरु र दोस्रोतलाको पूर्वमा रहेको डकुमेन्टेशन हल र बगलका कोठाहरु।

घ. स्वप्नबगैचा : हाल चर्चेको सवैभाग, पश्चिममा रहेको प्राथमिक शिक्षा परियोजनाका लागि बनाइएको भवनले अगटेको भाग तथा केशर महल अगाडिको भाग ।

ङ. केसरमहलको कोठाहरुको व्यवस्थापन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्देशनअनुसार हुने ।

२. **संचालन विधि**:

क. अनुसूची १ मा भएको गठन आदेश अनुसार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवको अध्यक्षतामा भएको एकीकृत विकास समितिले समग्र व्यवस्थापन गर्ने छ ।

ख. केशर पुस्तकालयका लागिनेपाल सरकारअन्तर्गतको दरबन्दी तथा करारमा कार्यरत कर्मचारीहरुबाट नै संचालन गरिने छ।नेपाल सरकारबाट पुस्तकालयका लागि प्राप्त हुने बजेट तथा सोको लेखा श्रेस्ता प्रणाली यथावत नै हुने र अन्य आम्दानी भने विकास समिति अन्तर्गत नै हुनेछ ।लेखा परीक्षण र आर्थिक व्यवस्थापनको उत्तरदायित्व पनि सोहि अनुसार हुनेछ।

ग. केसर पुस्तकालयलाई नेपाल सरकारको मातहातमा नै रहने गरि अविछिन्न सरकारी निकायकै रुपमा रहने व्यवस्था हुने पर्ने ।

घ. स्वप्न बगैँचाको हाल कार्यरत कर्मचारीले मौजुदा सेवा शर्त र सुविधा अनुसार नै निरन्तर कार्य गर्ने छन् ।

ङ. केसर पुस्तकालयको मातहतमा रहने गरि संग्रहालय संचालन तथा व्यावस्थापन गर्ने।

च. संग्रहालयका लागि अध्ययन गरी आवश्यकता अनुसारकाकर्मचारीहरु नेपाल सरकारलेवा समितिले राख्न सक्ने छ ।

छ. केशर पुस्तकालयमा उत्तर पूर्वको मूल ढोकाबाट निशुल्क प्रवेशको व्स्था गर्ने र उत्तर पश्चिमबाट वा पूर्वबाट निस्कने व्स्था मिलाउने।

ज. स्वप्न बगैँचा , संग्रहालय र सास्कृतिक केन्द्रमा स–शुल्क प्रवेशको व्यवस्था मिलाउने ।हाल स्वप्न बगैचाको प्रवेश शुल्कलाई यथावत राखी संग्रहालय र सास्कृतिक केन्द्रको अवलोकन गर्न जाने आगन्तुकहरुलाई थप शुल्कको प्रावधान राख्ने ।

झ. संग्रहालय र कलाकेन्द्रको डिजाईन ड्रोइङ्ग तथा स्थापना र संचालन सम्बन्धी प्रारंभिक कार्यमा नेपाल सरकार तथा अन्तर्राष्ट्रिय निकायहरुसंग सहकार्य गर्न उपयुक्त हुने ।

## ३. वित्तीय व्यवस्थापन
### केशर पुस्तकालय

क. केशर पुस्तकालयलाई नेपाल सरकारबाट नियमितरुपमा प्राप्त हुने रकम निरन्तर रुपमा प्राप्त हुने व्यवस्था यथावत राख्ने ।

ख. सिफारिश खण्डमा उल्लेखित केशर पुस्तकालय सुद्दढीकरणका लागि आवश्यक पर्ने रकम सालबसाली रुपमा थप गर्न नेपाल सरकारलाई विशेष अनुरोध गर्ने ।

ग. स्वप्न बगैंचा बिकास समितिबाट पुस्तकालय सुधारका लागि बार्षिक रुपमा कम्तिमा आम्दानीको २० प्रतिशत वा स्वप्न बंगैचा विकास समितिलेआवश्यकता अनुसार आर्थिक सहयोग गर्ने।

घ. पुस्तकालय सुधारका लागि अन्तर्राष्ट्रीय संघसंस्था, मित्र राष्ट्रहरु र आर्थिक तथा प्राविधक सहयोग गर्न चाहने व्यक्ति वा संस्थाहरुबाट सहयोग प्राप्त गर्न सक्ने प्रावधान खुला राख्ने ।

### स्वप्न बगैँचा

क. हाल भैरहेका आम्दानीका स्रोतहरु जस्तै प्रवेश शुल्क, क्याफे भाडा, ATM counter भाडा, तन्ना पसल भाडा र अन्य आम्दानीका स्रोतहरु यथाबत हुने । खर्च प्रणाली पनि प्रचलित नेपाल सरकारको स्रेश्रा प्रणाली अनुसार हुने छ ।

ख. बगैँचा विस्तार गर्दा थप श्रोतको आवश्यक हुने हुँदा यसका लागि स्वप्न बगैँचा पुननिर्माणमा सहयोग गरेको मित्र राष्ट्र अष्ट्रिया वा अन्य दातृनिकाय र स्वप्नबगैँचा विकास समितिको साझेदारीमा गर्न सकिनेछ।

ग. स्वप्न बगैँचाको आर्थिक अवस्था थप सक्षम हुँदै जाँदा आफ्नोस्रोतबाट केशर पुस्तकालय, राणाकालीन संग्रहालय तथा सास्कृतिक केन्द्रकोसमेत सुद्दढीकरणमा सहायता गर्ने ।

### राणाकालीन संग्रहालय र सास्कृतिक कला केन्द्र

क.संग्रहालय र कला केन्द्रको मुख्य आयस्रोत आगन्तुकहरुको प्रवेश शुल्क हुनेछ।

ख.शुरुको स्थापना र विकासका लागि नेपाल सरकारबाट अनुदान प्राप्तिका लागि विकास समितिले पहल गर्ने ।

ग. संग्रहालय र कला केन्द्रको डिजाइन, भौतिक पूर्वाधार तथा यन्त्र उपकरण, फर्निचरआदिको उपलब्धताको लागि कलासंस्कृति संरक्षणका क्षेत्रमा काम गर्ने UNESCO, नेपाल स्थित मित्र राष्ट्रका दुतावासहरु र अन्तर्राष्ट्रिय निकायहरुसंग पनि सहकार्य गरिने छ ।

घ. स्वप्न बगैँचामा भ्रमण गर्ने प्रवेश टिकट बगैचा मात्र भ्रमण गर्ने र बगैचाको साथमा संग्रहालय र कला केन्द्रको भ्रमण गर्ने गरी फरक फरक गर्ने ।

ङ.लेखा प्रणाली र व्यवस्थापन केसर पुस्तकालयवाट संचालन हुने ।

## ४. कार्यान्वयन योजना

| सं | क्रियाकलाप | कार्यान्वयन तरीका | कार्यान्वयन समय | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | विकास समिति गठन आदेश स्वीकृत गर्ने | शि. वि. प्र. मन्त्रालय मार्फत म. प. मा पेश गर्ने । | २०७७ फाल्गुन | विकास समिति तथा मन्त्रालय , म. प. |
| २ | विकास समितिको पुनरगठन | शि. वि. प्र. मन्त्रालय मार्फत म. प. मा पेश गर्ने । | २०७७ चैत्र | मन्त्रालय , म. प. |
| ३ | लेआउट डिजाइन ड्रोइङ्ग | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था विज्ञ हरुको परिचालन । | २०७७ चेत्र देखि २०७८ आश्विन | विकास समिति |
| ४ | अन्तर्राष्ट्रिय सहकार्यको ढाँचा तयार | विकास समित आफै र नेपाल सरकार मार्फत गर्ने । | २०७७ देखि निरन्तर | विकास समिति नेपाल सरकार |
| ५ | आधारभूत भौतिक पूर्वाधारको तयारी | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दाता एवम् संस्थाहरुको परिचालन। | २०७८ आश्विन देखि २०७९ मंसिर सम्म | विकास समिति |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | पुरातात्विक महत्वका वस्तुहरुको संकलन | नेपाल सरकारसंग भएको र निजी क्षेत्रबाट समेत संकलन गर्ने । | २०७८ आश्विन मंसिर सम्म | २०७९ | विकास समिति |
| 7 | स्वप्न बगैचा पश्चिमको पुरानो भवन हटाउने | शिक्षा मन्त्रालयको स्वीकृति लिई गर्ने । | २०७८ वैशाख आश्विन सम्म | २०७८ | विकास समिति |
| 8 | लोप भएका मध्ये १ वा २ वटा सदन निर्माणको पुरानै ढाँचामा निर्माणका लागि डिजाइन गर्ने | सम्बन्धित क्षेत्रको अनुभवी विज्ञको परिचालन । | २०७८ वैशाख आश्विन सम्म | २०७८ | विकास समित |
| 9 | सदनहरुको निर्माण | नेपाल सरकार र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दाता एवम् संस्थाहरुको परिचालन सहकार्य गर्ने। | २०७८ आश्विन चैत्र मसान्त सम्म | २०७९ | विकास समिति |
| 10 | संग्रहालय, कला केन्द्र समेत संचालन हुने | एकीकृत व्यवस्थापन अनुसार | २०७९ माघ ( सन् २०२२ जनवरी १५) | | विकास समिति |

नोट: केसरमहलको रेट्रोफिटिङ्गको कार्य भईरहेको अवस्था हेर्दा यसको कार्य सम्पन्न गर्ने तीन देखि चार वर्ष लाग्न सक्ने ।

# अनुसूची १

## केशर पुस्तकालय एवं स्वप्न बगैंचा एकीकृत विकास समिति (गठन) आदेश, २०७७

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "स्वप्न बगैंचा एकीकृत विकास समिति (गठन) आदेश, २०७७" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,–

(क) "समिति" भन्नाले दफा ४ बमोजिम गठन भएको स्वप्न बगैंचा एकीकृत विकास समिति सम्झनु पर्छ ।

(ख) "केशर पुस्तकालय" भन्नाले काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.२६ ठमेल, केशर महलको हाताभित्र नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको स्वामित्वमा रहेको केशर पुस्तकालय सम्झनु पर्छ ।

(ग) "स्वप्न बगैंचा"भन्नाले काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.२६ ठमेल, केशर महलको हाताभित्र नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको स्वामित्वमा रहेको स्वप्न बगैंचा भनी नामाकरण गरिएको बगैंचा सम्झनु पर्छ ।

(घ) "अध्यक्ष"भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ङ) "सदस्य"भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिका अध्यक्ष तथा सदस्य–सचिव समेतलाई जनाउँछ ।

(च) "तोकिएको"वा "तोकिए बमोजिम"भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

उकेरा उकेरा उकेरा उकेरा उकेरा उकेरा उकेरा उकेरा उकेरा उकेरा उकेरा

३= **<u>विकास समितिको उद्देश्य</u>**

(क) स्वप्न बगैंचार राणाकालीन संग्रहालय एकीकृत व्यवस्थापन हुनेछ ।

(ख) स्वआार्जनको प्रवर्द्धन गरी केशर महललाई आात्मनिर्भर संस्थाको रुपमा विकास गर्ने ।

(ग) स्वदेशी एवं विदेशी पर्यटकहरुलाई आकर्षित गरी बगैंचा भ्रमण गर्ने, पुस्तकालयमा अध्यन गर्ने र सग्रहालयको भ्रमण गर्ने संस्कृतिको प्रवर्द्धन गर्ने ।

(घ) राणाकालीन र त्यसअघिका ऐतिहासिक वस्तुहरुको संग्रह गरी पुरातात्वीक धरोहरहरुको संरक्षण भई यसवारेमा आम जनसाधारणमा जानकारी प्राप्त हुनेछ ।

४= **<u>समितिको गठनः</u>** (१) केशर महललाई व्यवस्थित रुपमा वैज्ञानिक तवरबाट सञ्चालन गरी त्यहाँ रहेका पुरातात्विक महत्वका वस्तुहरु प्रदर्शन गर्ने व्यवस्था गर्दै केशर पुस्तकालय भवनभित्र केशर संग्रहालयको सञ्चालन गरी सोको उचित व्यवस्थापन गर्नका साथै स्वप्न बगैंचालाई पर्यटकीय दृष्टिले सुन्दर र आकर्षक बनाउन तथा वातावरणीय दृष्टिकोणले मैत्री र संरक्षणको नमूनाको रुपमा विकास गर्न, स्वप्न बगैंचाविकास समिति नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिम समितिमा देहायका सदस्यहरु रहने छन्ः–

(क) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय –अध्यक्ष

(ख) सह–सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रशासन महाशाखा – सदस्य

(ग) सह–सचिव,शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, (अध्यक्षले तोकेको शिक्षा बिज्ञान तथा प्रबिधि मन्त्रालयका) –सदस्य

(घ) प्रतिनिधि, नेपाल पर्यटन विकास बोर्ड – सदस्य

(ङ) केशर महलको घर–जग्गा दाताको परिवार मध्येबाट नेपाल सरकारले मनोनितगरेका एकजना – सदस्य

(च) सह–सचिब, शिक्षा बिज्ञान तथा प्रबिधि मन्त्रालय वा केसर पुस्तकालयका प्रमुख, उप–सचिब –सदस्य सचिब

(३) खण्ड (ङ) र (च) बमोजिम मनोनित सदस्यहरुको पदावधि ४ वर्षको हुनेछ ।

(४) नेपाल सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरुमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ।

(५) समितिले आवश्यक देखेमा कुनै स्वदेशी तथा विदेशी विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ तर त्यस्ता विशेषज्ञको मताधिकार हुने छैन ।

(६) समितिको कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.२६ स्थित केशर महलको हाताभित्र रहनेछ ।

(7) यस समिति एउटा अविच्छिन्न उत्तराधिकारवाला संस्था (कर्पोरेट बडी) हुनेछ । यस समितिको जिम्माको कामका निमित्त केसर पुस्तकालयको लागि नेपाल सरकारको छाप र स्वप्न बंगैचा विकास समितिका लागि विकास समितिकै छाप हुनेछ । व्यक्तिसरह चल अचल सम्पत्ति लेनदेन गर्ने तथा राVने अधिकार हुनेछ साथै यस समितिले व्यक्तिसरह नालिस गर्न र आफूउपर पनि व्यक्तिसरह नालिस उजुर लाग्न सक्दछ ।

५. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>M**समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ **M–**

(क) समितिको वार्षिक बजेट तथा कार्यक्रम तयार गरी स्वीकृतको लागि मन्त्रालयमा पेश गर्ने,

(ख) स्वप्न बगैंचा एवं केशर संग्रहालयको सामूहिक विकास तथा संरक्षणको सम्बन्धमा गुरु योजना तर्जुमा गर्ने,

(ग) स्वप्न बगैंचालाई पर्यटकीय, वातावरणीय तथा सौन्दर्यको दृष्टिले विकास गर्ने,

(घ) स्वप्न बगैंचार केशर संग्रहालयको विकास, संरक्षण तथा संभारका लागि विभिन्न आयमूलक कार्यक्रमहरु सञ्चालन गर्ने,

(ङ) स्वप्न बगैंचार केशर संग्रहालयको विकास तथा संरक्षणका लागि आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्था गर्ने,आयमूलक कर्यक्रमहरुबाट प्राप्त हुने कुल रकमको कम्तीमा २० (बिस) प्रतिशत रकम केसर पुस्तकालयको नाममा स्वतMजाने व्यबस्था मिलाईने,

(च) स्वप्न बगैंचामा र केशर संग्रहालयका पुरातात्विक महत्वका सामानहरु राखिएका भागमा प्रवेश गर्नको लागि आवश्यक दस्तुर निर्धारण गर्ने,

(छ) स्वप्न बगैंचामा रहेका घर टहरामा रेष्टुराँ, चमेना गृह, आदि सञ्चालन गर्ने, गराउने,

(ज) स्वप्न बगैंचामा विभिन्न उत्सव, समारोह जस्ता कार्यक्रमहरु सञ्चालन गर्न दिई आवश्यक दस्तुर लिने,

(झ) केशर संग्रहालयमा पुरातात्विक महत्वका राणाकालीन वा अन्य वस्तुहरुको संग्रह एवं प्रदर्शन गर्ने,

(ञ) ऐतिहासिक तथा पुरातात्विक महत्वका, चीज वस्तुसंग्रहालयमा संग्रह गर्न व्यक्ति वा संस्थालाई प्रोत्साहित, उत्प्रेरित गर्ने,

(ट) समितिको उद्देश्य प्राप्तिको लागि अन्य आवश्यक काम कारबाही गर्ने।

उकेरा उकेरा उकेरा उकेरा उकेरा उकेरा उकेरा उकेरा उकेरा उकेरा उकेरा

## ६. समितिको बैठकसम्बन्धी कार्यविधिM

(१) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिका बहुमत सदस्यले समितिको बैठक बोलाउन अध्यक्षसमक्ष लिखित अनुरोध गरेमा अध्यक्षले सात दिनभित्र समितिको बैठक बोलाउनु पर्नेछ ।

(३) समितिको बैठक बस्न सूचना सहितको कार्यसूची सदस्य–सचिवले कम्तिमा दुई दिन अगावै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको कुल सदस्य संख्याको कम्तिमा पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय उपस्थित सदस्यहरुद्वारा प्रमाणित गरी अभिलेखीकरण गरिनेछ ।

(८) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **कर्मचारी सम्बन्धी व्यवस्था**M

(१) समितिले कार्य संचालनकोलागि आबश्यक पर्ने कर्मचारी नियुक्त गर्ने छ ।

(२) उपदफा (1) बमोजिम आबश्यक कर्मचारीहरुको नियुक्ति गर्ने प्रक्रिया मापदण्ड, तिनिहरुको काम कर्तव्य र अधिकार तथा सेवाका शर्त र सुविधा निजामती सेवा ऐन, नियमावली तथा प्रचलित नेपाल कानूनद्धारा तोकिए बमोजिम हुनेछ ।

८. **समितिको कोष**M (१) समितिको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन्**M–**

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै अन्तर्राष्ट्रिय संघ, संस्था वा विदेशी सरकारबाट प्राप्त रकम,

(ग) अन्य श्रोतबाट प्राप्त रकम,

,

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नुअघि समितिले नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ ।

(३) समितिले जुन कार्यक्रमको लागि रकम प्राप्त गरेको हो सोही कार्यक्रमको लागि त्यस्तो रकम खर्च गर्नुपर्नेछ ।

(४) समितिको कोषमा रहने रकम कुनै नेपाल सरकारले तोकेको वाणिज्य बैंकमा खाता वा खाताहरु खोली जम्मा गरिनेछ ।

(५) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट गरिनेछ ।

(६) समितिको खाता सञ्चालन सदस्य सचिव र अर्थिक प्रशासन प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

९. (क) **समितिको लेखा र लेखापरीक्षण**M

(१) समितिको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राVनुपर्नेछ ।

(२) समितिको आन्तरीक लेखा परिक्षण कोष तथा लेखा नियन्त्रक कार्यलय र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(३) नेपाल सरकारले समितिको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र समितिको सबै नगदी जिन्सी जुनसुकै बखत जाँच गर्न वा गराउन सक्नेछ ।

उकेरा उकेरा उकेरा उकेरा उकेरा उकेरा उकेरा उकेरा उकेरा उकेरा

१०. **उपसमिति गठन गर्न सक्नेM**

(१) समितिले यो आदेश वा यो आदेश अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नुपर्ने कुनै काम गर्न वा त्यस्तो काममा सहयोग पु¥याउनको निमित्त आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले गठन गर्दाका बखत निर्धारण गरे बमोजिम हुनेछ ।

११. **समितिको सम्पत्ति तथा कागजातM**समितिको नाउँमा रहेको तथा प्राप्त हुने सम्पूर्ण चल अचल सम्पत्तिको अभिलेख र कागजात समितिको कार्यालयमा रहनेछ।

१२. **अधिकार प्रत्यायोजनM**समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार सदस्य, उपसमिति वा समितिका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३. **बैठक भत्ताM**समितिका सदस्यहरुले समितिले यस सम्बन्धमा निर्धारण गरे बमोजिम बैठक भत्ता तथा अन्य सुविधा पाउने छन् ।

१४. **नेपाल सरकारसँग सम्पर्कM**समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत् राVनु पर्नेछ ।

१५. **निर्देशन दिन सक्नेM**नेपाल सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१६. **नियम बनाउन सक्नेM**समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यक नियम बनाउन सक्नेछ र त्यस्ता नियमहरु शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछन् ।

१७. **खारेजी र बचाउM** (१) नेपाल राजपत्र खण्ड ४९ अतिरिक्ताङ्क ३९ (ख) मिति २०५६।९।२२ को सूचना बमोजिम गठित स्वप्न बगैंचा विकास समिति (गठन) आदेश, २०५६ खारेज गरिएको छ ।

२) उपदफा (१) बमोजिमको आदेश अन्तर्गत गठित स्वप्न बगैंचा बिकास समितिद्वारा भए गरेका सम्पूर्ण काम कारबाहीहरु यसै आदेश बमोजिम भए गरेको मानिने छन्।

३) उपदफा (१) बमोजिमको स्वप्न बगैंचा बिकास समितिको सम्पूर्ण चल, अचल सम्पत्तिको स्वामित्व ऋण तथा दायित्व यस आदेश बमोजिम गठन भएको स्वप्न बगैंचा बिकास समितिको नाउँमा स्वत:कायम भएको मानिने छ।

अनुसूची २

केशर महलको भौतिक विवरण

**Ground Floor:**

23 nos.(R1-R23)

First Floor: 16 nos.(R24-R40)

Second Floor: 17 nos.(R41-R58)

*Total Nos. Of Hall:2

Nos.(G.F-R21, F.F-R25)

*Total nos. of existing rooms occupied by Library: G.F: 8 nos. F.F: 5 nos.

*Capacity for multipurpose in courtyard: Approx. 200 people

Ground Floor: Gents: 5, Urinals: 9, Ladies: 11 nos.

*Total nos. of Toilet First Floor: Gents: 6, Urinals: 11, Ladies: 12 nos.


Second Floor: Gents: 5, Urinals: 9, Common: 1, Ladies: 11 nos.

*Total nos. of proposedrooms for Library: G.F: 23 nos. F.F: 5 nos

अनुसूची ३

# स्वप्न बगैँचाको वर्तमान अवस्थाका केही झलक

## Visitors trend ( -2020)




## Visitors' trend

| S.N. | Fiscal Year | Nepalese | Foreigners | Chi/dis/Sin | Total | Average (Per Day) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | 63/64 | 12848 | 4490 | 4019 | 21357 | 67 | Only 10 Month |
| 2. | 64/65 | 23101 | 11745 | 7378 | 42224 | 116 | Café Run only 6 Month |
| 3. | 65/66 | 43601 | 19224 | 14877 | 77702 | 213 | Café Fully Run |
| 4. | 66/67 | 43362 | 22009 | 16257 | 81628 | 224 | 5.16% Increased |
| 5. | 67/68 | 52861 | 25723 | 22643 | 101227 | 277 | 23.66% Increased |
| 6. | 68/69 | 60384 | 28095 | 11134 | 99613 | 273 | 1.44% Decreased |
| 7. | 69/70 | 60053 | 33495 | 7803 | 101351 | 278 | 1.83% Increased |
| 8. | 70/71 | 72907 | 48455 | 7428 | 128790 | 351 | 26 % Increased |
| 9. | 71/72 | 76083 | 46514 | 6946 | 129543 | 355 | 1.14% Increased |
| 10. | 72/73 | 128937 | 36330 | 8956 | 174223 | 478 | 34% Increased |
| 11. | 73/74 | 210021 | 85626 | 7314 | 302961 | 830 | 73.64% Increased |
| 12. | 74/75 | 215139 | 93796 | 9576 | 318511 | 873 | 5.18% Increased |
| 13. | 75/76 | 219394 | 97529 | 10368 | 327291 | 897 | 2.75% Increased |
| 14. | 76/77 | 108042 | 47222 | 5597 | 160861 | 441 | 50.84% Decreased (116 Days Closed) |
| | | | | | | | |

# Financial Trend (Since the Beginning of Garden)

| S.N | Fiscal Year | Income | Expenditure | Net Profit | Remarks |
|---|---|---|---|---|---|
| 1. | 2065/66 | 1,05,92,360.57 | 61,57,144.44 | 44,35,216.12 | - |
| 2. | 2066/67 | 1,10,85,682.90 | 56,85,033.74 | 54,00,649.17 | 21.76% Increased |
| 3. | 2067/68 | 1,52,46,076.30 | 62,59,800.63 | 89,86,275.67 | 66.39% Increased |
| 4. | 2068/69 | 1,80,34,877 | 77,03,819 | 1,03,31,058 | 14.96% Increased |
| 5. | 2069/70 | 2,15,69,744 | 79,40,145 | 1,36,29,599 | 31.93% Increased |
| 6. | 2070/071 | 2,75,22,023.03 | 96,11,536.03 | 1,79,10,487 | 31.40% Increased |
| 7. | 2071/072 | 2,70,24,726.73 | 1,10,67,721.87 | 1,59,57,004.87 | 10.91% Decreased |
| 8. | 2072/073 | 3,19,68,709.71 | 1,45,11,683.24 | 1,74,57,026.47 | 9.40% Increased |
| 9. | 2073/074 | 5,43,68,159.29 | 1,74,52,277.43 | 3,69,15,881.86 | 111.47% Increased |
| 10. | 2074/075 | 6,59,98,266.65 | 1,83,16,239.88 | 4,76,82,026.77 | 29.16% Increased |
| 11. | 2075/076 | 7,30,07,912.22 | 1,76,81,483.74 | 5,53,26,428.48 | 14.73% Increased |
| 12. | 2076/077 (Unaudited) | 6,87,73,019.70 | 1,75,99,593.38 | 5,11,73,476.32 | 7.51% Decreased (116 Days Closed) |